झिमरुक गाउँपालिका
JHIMRUK RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
भ्यागुते, प्युठान
BHYGUTE, PYUTHAN
लुम्बिनी प्रदेश, नेपाल
LUMBINI PROVINCE, NEPAL

पत्र संख्या : ०८३।८४
च.नं. ५३६
मिति : २०८३/०५/३१

श्री वडा कार्यालयहरु सवै
झिमरुक गाउँपालिका ।

झिमरुक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भ्यागुते, प्युठान लुम्बिनी प्रदेश, नेपाल

विषयः- **उपभोक्ता समिति दर्ता गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा सार्वजनिक खरिद नियमावली २०६४ को १६ औं संशोधन २०८३ को नियम ९७को उपनियम १ वमोजिम प्रचलित कानुन बमोजिम दर्ता भएको उपभोक्ता समितिबाट मात्र आयोजना वा योजनाको काम गराउनु पर्ने व्यवस्था अनुसार अबदेखि उपभोक्ता समितिहरू दर्ता गर्ने र आवश्यक अन्य प्रक्रियाहरू पूरा गरी उपभोक्ता समितिहरूसँग योजना सम्झौता गरिने भएकोले उपभोक्ता समिति गठन गर्दा सो विषयको जानकारी गराइ उपभोक्ता समिति गठन गर्नु हुन जानकारीको लागि अनुरोध छ । साथै उपभोक्ता समिति दर्ता गर्दा आवश्यक पर्ने विधान यसै पत्रसाथ पठाइएको छ।

.......२०८३।०५।३१
अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

नोट : उपभोक्ता समिति दर्ता गर्दा अपनाउनु पर्ने विधि
१. आमभेलाबाट उपभोक्ता समितिको नामाकरण, उपभोक्ता समिति झिमरुक गाउँपालिकामा दर्ता गर्ने , उपभोक्ता समितिको विधान स्वीकृत गर्ने र उपभोक्ता समितिको गठन सम्वन्धि प्रस्ताव माथी छलफल गरी पारित गर्ने ।
२. समितिमा अध्यक्ष सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा अनिवार्य महिला हुनुपर्ने र ३३ प्रतिशत महिला हुनै पर्ने छ ।
३. विधानको शिर पुछारमा समितिका सवैले दस्तखत गर्नु पर्नेछ । समितिका सवैको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी झिमरुक गाउपालिकाको उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि २०८० को अनुसूची १ वमोजिम निवेदन पेश गर्नु पर्नै छ ।साथै झिमरुक गाउपालिकाको आर्थिक ऐन वमोजिम रु १००० शुल्क लाग्ने छ ।

थप जानकारीकोलागी झिमरुक गाउँपालिका योजना शाखामा सम्पर्क गर्न सक्नुहुने छ । ९८४७८२११५२